'हाम्रो नगर हाम्रो शान, Smart City निर्माण हाम्रो अभियान'

# निजगढ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
# निजगढ, बारा

मधेश प्रदेश, नेपाल।

फोन नं.: ०५३–५४०२००

पत्र संख्याः २०८३/८४

च.नं.: 469

मितिः २०८३/०६/०९

**विषयः नदीजन्य पदार्थको आय ठेक्काको बोलपत्र फारम खरिद तथा दर्ता सम्बन्धमा।**

श्री जोजँस सम्बन्ध राखदछ।

प्रस्तुत विषयमा यस निजगढ नगरपालिकाको प्रमुख आन्तरिक आयको रुपमा रहेको नदीजन्य पदार्थको बिक्री शुल्क सम्बन्धी आय ठेक्का बन्दोबस्तीको लागि मिति २०८३/०५/३१ गते २१ गते सूचना प्रकाशन भएको व्यहोरा जानकारीको लागि अनुरोध छ। सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३/०५/११ गतेको सूचना बमोजिम विद्युतीय खरिद प्रणाली ( e-GP System) मा समस्या भएको कारण देखाई उक्त प्रणाली स्थगन भएको हुँदा सार्वजनिक खरिद तथा आय ठेक्कालाई प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारिता, जवाफदेहीता र विश्वासनीयता प्रबर्द्धन गर्न यस कार्यालयको वेभ साईडमा समेत बोलपत्र फारमको व्यवस्था गरिएको छ। मिति २०८३/०६/२० गतेभित्र उक्त बोलपत्र फारम डाउनलोड गरी तोकिएको दस्तुर बुझाई सूचनामा तोकिए बमोजिम कागजात संलग्न तथा विवरण भरी मिति २०८३/०६/२१ गते दिउँसो १२ बजेभित्र देहायका स्थानहरु मध्ये पायक पर्ने स्थानमा गई सिलबन्दी बोलपत्र फारम दर्ता गर्नुहुन समेत यसै सूचनाबाट सम्बन्धित सबैमा जानकारी गराईन्छ।

<u>देहायः</u>

**बोलपत्र फारम दस्तुरः** रु. ५०००।

**बोलपत्र फारम दस्तुर रकम दाखिला गर्ने बैंकः** कृषि विकास बैंक, निजगढ

**बैंक खाताको नामः** NIJGADH MUNICIPALITY GA 1.1 INTERNAL REVENUE

**राजस्व शिर्षक नं. :** १४२२९

**बोलपत्र दर्ता गर्ने स्थानः** निजगढ नगरपालिका, ३, ७, ११ का वडा कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, कलैया, ईलाका प्रशासन कार्यालय, सिमरा।

.............................

सूर्य प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

उपसचिब

सूर्य प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

## निजगढ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

# नदीजन्य पदार्थको बिक्री वितरण शुल्क आय ठेक्का

# बोलपत्र फारम

(ठेक्का नम्बर **NM/01/RBM/083/084**)

प्रथम पटक प्रकाशन मिति २०८३/०५/३१ गते

अन्तिम बिक्री मिति २०८३/०६/२० गते

दर्ता अन्तिम मिति २०८३/०६/२१ गते १२ बजेभित्र

मूल्य रु. ५०००।

# निजगढ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

निजगढ, बारा

**मधेश प्रदेश, नेपाल**

## निजगढ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, निजगढ, बारा

## मधेश प्रदेश , नेपाल

**आ.व.२०८३/०८४ को लागि ढुंगा, गिट्टी, बालुवा, रोडा आदि नदीजन्य पदार्थ बिक्री वितरण शुल्क आय ठेक्का सम्बन्धी सीलबन्दी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८३।०५।३१ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ(६) को व्यवस्था र नेपाल सरकारद्वारा स्वीकृत ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ७ को उपदफा (५) बमोजिम यस निजगढ नगरपालिकाको मिति २०८३/०५/२५ गतेको निर्णयानुसार यस निजगढ नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) बमोजिम वकैया खोला, लाल भक्तलाल खोला, बगर खोला र धन्सार खोलाको विभिन्न क्षेत्रहरुबाट नदीजन्य पदार्थहरु (ढुंगा, गिट्टी, बालुवा आदि) को निजगढ नगरपालिकाको आर्थिक ऐन, २०८३ मा तोकिएको दररेटमा बढाबढको माध्यमबाट ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा कर चुक्ताको प्रमाणित प्रतिलिपिहरुका साथै उक्त कार्य गर्न योग्य भएको स्व-घोषणापत्र पेश गरी निम्न शर्तहरुका अधीनमा रही सीलबन्दी बोलपत्र आव्हान गरिएको छ। यो सूचना यस कार्यालयको वेबसाइट www.nijgadhmun.gov.np मा पनि हेर्न सकिनेछ।

<u>शर्तहरु :</u>

१. बोलपत्र फाराम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र फाराम दस्तूर वापत रु ५,०००।(अक्षरुपी रु. पाँच हजार मात्र) निजगढ नगरपालिकाको राजस्व शाखामा नगदै दाखिला गरी खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु २२ औं दिन अपरान्ह १२:०० बजेसम्म यस कार्यालयमा ठेक्का नं., किसिम, बोलपत्रदाताको नाम र ठेगाना, सम्पर्क नं. आदि विवरणहरु खाममा स्पष्ट खुलाई सीलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ। दर्ता हुन आएका बोलपत्र सोही दिनको ३:०० बजे सरकारी कार्यालय र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाताको प्रतिनिधि

उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। धरौटी वापतको रकम नगद संलग्न गरेकोलाई मान्यता दिइने छैन। बोलपत्र खरिद गर्ने र बुझाउने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन उक्त कार्यहरु गरिनेछ।

२. खरिद भएको सीलबन्दी बोलपत्र फाराम आफूले कबोल गरेको कुल ठेक्का अंकको ५% धरौटी रकम नगदै श्री कृषि विकास बैंक, निजगढमा रहेको यस कार्यालयको धरौटी खाता नं. ०५०७६००६७६०५००२६ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा १५० दिन म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंकको बैंक जमानीपत्र (बिड वण्ड) संलग्न गरी रीतपूर्वक सहीछाप तथा सीलबन्दी गरी बोलपत्रदाता आफैं वा प्रतिनिधि मार्फत् यस कार्यालयमा दाखिला गर्न सकिनेछ।

३. बोलपत्रदाताले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनु भन्दा कम्तीमा चौबिस घण्टा अगावै फिर्ता वा संशोधन गर्नु पर्नेछ।

४. बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। टिपेक्स लगाएको बोलपत्रलाई मान्यता दिइनेछैन।

५. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र नियमानुसार आयकर / मू.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। सो अवधिभित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. ठेकेदारले आफूले कबोल गरेको कुल रकम तीन किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता आफूले कबोल गरेको कुल ठेक्का रकमको ४० (चालिस) प्रतिशत रकम सम्झौता गर्ने समयमा नै बुझाउनु पर्नेछ। दोस्रो किस्ता बापत ठेक्का अंकको ३० (तिस) प्रतिशत २०८३ पौष मसान्त भित्र र बाँकी ३० (तिस) प्रतिशत रकम २०८४ वैशाख १५ गतेभित्र बुझाइ सक्नुपर्नेछ। सम्झौता गर्न आउँदा बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको ६० प्रतिशत बराबरको मिति २०८४ असोज मसान्तसम्मको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकको जमानत (पर्फरमेन्स वण्ड) पेश गर्नुपर्नेछ।

७. ठेकेदारले नियमानुसार तोकिएको बिक्री शुल्कमा मूल्य अभिवृद्धि कर थप गरी लिनु पर्नेछ। उक्त मूल्य अभिवृद्धि कर ठेकेदारले आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ। सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ।

८. बन्द, हड्ताल, चक्काजाम लगायत अन्य मानव सृजित कारणबाट सृजना हुने परिस्थिति र अवस्थाको कारण कर छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन। साथै, कर छुट वा मिनाहा माग गर्न पाईने छैन।

९. बालुवा, ढुङ्गा, गिट्टी, ग्राभेलको संकलन तथा बिक्री वितरण कार्य गर्दा/ गराउँदा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, मधेश प्रदेश, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत IEE तथा प्रचलित कानूनमा उल्लेखित शर्तहरुको पूर्ण पालना गर्नुपर्नेछ। IEE को शर्त पालना गर्दा वातावरणीय नकरात्मक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले व्यहोर्नु पर्नेछ। नेपाल सरकारबाट बन्देज लगाईएको अवधिमा खोलाबाट नदीजन्य पदार्थ झिक्न पाइने छैन।

१०. ठेक्का अवधि सम्झौता भएको मिति देखि लागू भई सो बमोजिम उत्खनन् कार्य मिति २०८४ साल जेष्ठ मसान्तसम्म र निकासी कार्य मिति २०८४ साल भाद्र मसान्त सम्म हुनेछ।

११. यसमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र यसमा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

१२. बोलपत्र सम्बन्धी दररेट, स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन(IEE) अन्य शर्त तथा विस्तृत जानकारीको लागि निजगढ नगरपालिकाको वेभ साईट Nijgadhmun.gov.np मा हेर्नु हुन वा कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नु हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

१३. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित हुनेछ। बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुनेछैन। शर्त सहितको बोलपत्र बदरभागी मानिनेछ। साथै, रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन।

**<u>नदीजन्य पदार्थ संकलन तथा बिक्री आय ठेक्का विवरण</u>**

| Contract No. | Project Name | Extracting Quantity (Cubic Ft.) | Minimum Bidding Amount exclusive vat |
|---|---|---|---|
| NM/01/RBM/083/084 | The sale and distribution of River bone Materialsas per the approved IEE reports in Bakaiya Khola, Dhansar Khola, Lal/Bhakta Lal Khola and Bagar Khola | 8160398.60 Cft | Rs. 8,16,03,986 ( Eight Crore sixteen lakh three thousand nine hundred eighty six) |

सूर्य प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

सूर्य प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

# Bill of Quantities

Price Schedule

Name of Contractor ........................................................................................................Page________of _____

| 1 | 2 | 3 | 4 |
|---|---|---|---|
| Item | Description | Bid Amount | Remarks |
| 1 | The sale and distribution of River bone Materials as per the approved IEE reports in Bakaiya Khola, Dhansar Khola, Lal/Bhakta Lal Khola and Bagar Khola<br><br>Extracting Quantity : 8160398.60 Cft. | | |
| | Total Amount | | |
| | Add 13% Value Added Tax | | |
| | Total Including VAT | | |

Total Price ....................................................................................................................... (in Words)

Signature of Bidder ________________________________________________

Note: In case of discrepancy between unit price and total, the unit price shall prevail

VAT/PAN No. :...................................

Email ID: .......................................

Contact No. : ....................................

Stamp.........................................